नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

(.........प्रशासन.........शाखा।)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या: २०८०/८१/१/११
प्राप्त पत्र संख्या:- ................
च.नं.:- १५४

मिति २०८०/०६/०८

विषय :- रिक्त पद पदपूर्ति एवम् निर्देशन सम्बन्धमा ।

श्री नापी कार्यालय,
सबै ।

प्रस्तुत विषयमा तहाँ कार्यालयहरुमा यस आ.व. २०७९/०८० मा रिक्त रहेका र हाल रिक्त हुने **रा.प.अनं. प्रथम श्रेणी (अप्राविधिक/प्राविधिक)** पदहरुको पदपूर्तिका लागि सम्बन्धित लोक सेवा आयोगमा माग गर्दा यस विभाग र अन्तर्गतका कार्यालयहरुमा रा.प.अनं.प्रथम श्रेणी (प्रा) सर्भेक्षक पदमा दरवन्दी भन्दा बढी कर्मचारीहरु रहेकोले सोको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको हुँदा सर्भेक्षक पद कुनै पनि कार्यालयबाट माग नगर्न र रा.प.अनं.प्रथम श्रेणी (प्रा) सर्भेक्षक पद बाहेक अन्य पदहरुको सम्बन्धमा यस भन्दा अघि तहाँ कार्यालयहरुबाट सो पदको लागि माग भईसकेको हो वा होईन ? एकिन गर्नुका साथै **यस विभागसँग समन्वय गरेर मात्र** रिक्त पद पदपूर्तिका लागि लोक सेवा आयोगमा माग आकृति फाराम पठाई यस विभागलाई समेत सोको जानकारी गराउनुका साथै यस विभागको निर्देशन विपरीत कर्मचारी माग गरेको पाइएमा सम्बन्धित कार्यालय प्रमुखलाई विभागीय कारवाही गरिने व्यहोरा यस विभागको प.स.२०७९/८०, च.नं. ५९५ मिति २०७९/०९/०४ पत्रबाट परिपत्र गरी पठाई सकिएको व्यहोरा अवगत नै छ । यस आ.व. २०८०/८१ मा समेत सोही व्यहोरा बमोजिम गर्नु/गराउनु हुन तथा सो विवरण विभागमा पठाउनुहुन समेत यस विभागको मिति २०८०/०६/०८ को निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

(अनन्तराज लामिछाने )
शाखा अधिकृत

सादर अवगतार्थ
श्री भूमि व्यवस्था, सहकारी मन्त्रालय तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

बोधार्थ
श्री क.प्र.अभिलेख शाखा, नापी विभाग ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : यो परिपत्र विभागको Website मा upload गरिदिनुहुन ।



CamScanner